# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः२०७६/०४/०६

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर.................

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :-२०७६/०४/०६)

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु परामर्श सेवा मार्फत **सम्पादन** गर्नुपर्ने भएकोले सोको लागि इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले तपसिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस नगरपालिका कार्यालयमा प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

| क्र.स. | परामर्श सेवाको विवरण | प्रस्ताव पेश तथा दर्ता गर्ने अन्तिम मिति र स्थान | सूचीकृत हुन लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | नमूना विद्यालय र प्राविधिक शिक्षालयको रुपमा विकास गर्ने भनि नगर कार्यपालिकाबाट छनौट भएका विद्यालयहरु (हिमालय मा.वि. खदी, ज्ञानोदय मा.वि. चौतारा, हिमालय मा.वि. दाजे, शहिद स्मृति नमूना मा.वि. राडी, बालकल्यान मा.वि. राडी र आदर्श मा.वि. घेत्मा) को भौतिक संरचना नमूना विद्यालय सम्बन्धी मापदण्ड बमोजिम विकास गर्न सर्वे, डिजाइन, इस्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने । | सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा नगरपालिका कार्यालयमा | रु. ३००० (तीन हजार) | |

### तपसिल

१. इच्छुक व्यक्ति, फर्म वा संस्थाहरु यस नगरपालिकाको कार्यालयमा यही २०७६ श्रावण मसान्तभित्र भित्र सूचीकृत भएको हुनुपर्नेछ।

२. सूचीकृत भएको प्रमाणपत्र सहित माथि उल्लेखित कार्य गर्नको लागि आवश्यक लागत अनुमान सहितको आर्थिक र प्राविधिक प्रस्ताव सिलवन्दी खामभित्र राखि पेश गर्नुपर्नेछ।

# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः२०७६/०४/०६

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर.................

३. प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नविकरण, कर चुक्ता प्रमाणपत्र, कालोसूचीमा नपरेको स्वयम् शुद्धताको घोषणा लगायत कार्य सम्पादन गर्न सक्ने आधार सहितका अन्य प्रस्तावदातासँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ।

४. प्रस्तावको आधारमा माथि उल्लेखित कार्य गर्न एउटै वा छुट्टाछुट्टै प्रस्तावदाताको छनौट गरिनेछ।

५. फर्म वा कम्पनीको हकमा फर्म वा कम्पनीको विवरण ,संगठन र कर्मचारीको विवरण तथा विगत केही वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र विवरण पेश गर्नु पर्नेछ ।

६. माथि उल्लेखित कार्यहरु सम्झौता भएको मितिले कार्य शर्तगत विवरण (TOR) मा उल्लेखित अवधिभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

७. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको मूल्यांकन गरिनेछ ।

८. म्याद नाघि प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन् । प्रस्ताव पेश गर्ने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सकिनेछ ।

९. यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा आर्थिक कार्यविधि ऐन तथा नियम बमोजिम हुनेछन् ।

१०. थप जानकारीको लागि नगरपालिकाको वेभसाईट www.aathbiskotmun.gov.np मा हेर्न सकिनेछ वा मोवाईल नं. ९७४१३८९९६१मा सम्पर्क ९८४९२८१०९७ ,९७४८५८३१३८ , गर्न सकिनेछ ।

.................................

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत